म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१५ | अङ्कः- १२७ | २०८० चैत १५ गते बिहीबार 28 March 2024, Thursday - | पृष्ठ ८ | मूल्य रु. ५/-

## १९ जनाद्वारा रक्तदान

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१०, बुद्धचोकमा भएको रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गरेका छन् । बुधबार बिहान राउण्ड टेबलको आयोजनामा भएको कार्यक्रममा १ जना महिला र १८ जना पुरुषले रक्तदान गरेको रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्रमुख टंक दहालले जानकारी दिनुभयो ।

राउण्ड टेबलले प्रत्येक वर्ष रक्तदान कार्यक्रम आयोजना गर्दै आएको छ। रक्तदान कार्यक्रम रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको हो । आज बिहीबार पनि बुद्धचोकमा रक्तदान कार्यक्रम हुँदैछ । यस्तै, चैत १६ गते पूर्वीनगर इसाई समन्वय समिति हेटौंडा-१८, रामधुनीचोक र चैत २२ गते जनचेतना बचत तथा ऋण सहकारी संस्था रातोमाटेमा रक्तदान कार्यक्रम हुँदैछ ।

# आजबाट एसईई सुरु



*हेटौंडा-२ स्थित सिद्धार्थ माविमा एसईईका लागि कक्षा तयारी गर्दै कर्मचारी ।*

समाज संवाददाता

हेटौंडाः आज बिहीबारबाट देशैभर एकैसाथ माध्यमिक शिक्षा परीक्षा (एसईई) सुरु हुँदैछ । मकवानपुरका सम्पूर्ण विद्यालयमा एसईई परीक्षाको तयारी पूरा भएको विद्यालयहरुले जनाएका छन् ।

एसईई परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म सञ्चालन हुनेछ । बिहीबारबाट सुरु भएको परीक्षा साधारण धारको चैत २३ गते र प्राविधिक धारको चैत २७ गते मंगलबार सकिनेछ । मकवानपुर जिल्लाका सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ति, सुरक्षा व्यवस्था, जनशक्ति परिचालन, प्रश्नपत्र र उत्तरपुस्तिका पुऱ्याउनेलगायतका सबै काम सकिएको छ ।

यसवर्ष मकवानपुर जिल्लाका एक सय ३८ विद्यालयबाट ६ हजार एक सय ५६ जना विद्यार्थीले एसईईको परीक्षा फारम भरेका छन् । मकवानपुर जिल्लामा एसईईका लागि २६ वटा परीक्षा केन्द्र रहेको छ । हरेक विद्यालयमा सिट प्लानिङको कार्य सकिएको छ ।

## मकवानपुरगढीमा नयाँ शैक्षिक सत्रको तयारी

# प्रधानाध्यापकसँग २४ बुँदे कार्यसम्पादन सम्झौता



*कार्यसम्पादन सम्झौतापत्रमा हस्ताक्षर गर्नुहुँदै प्रधानाध्यापकहरु ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले पालिकामा रहेका ३७ वटा विद्यालयका प्रधानाध्यापकहरुसँग कार्यसम्पादन सम्झौता गरेको छ । नयाँ शैक्षिक सत्र सुरु हुनु अघि पालिकाले बुधबार सबै विद्यालयका प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरेको हो । पालिकाले पहिलो पटक प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरेको हो । प्रधानाध्यापकले पनि शिक्षकसँग कार्यसम्पादन सम्झौता गर्ने बताइएको छ ।

पालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको रोहवरमा पालिकाको शिक्षा शाखाका प्रमुख राम घलान र प्रधानाध्यापकबीच कार्यसम्पादन सम्झौता भएको छ । पालिकाको शिक्षा शाखाले कार्यसम्पादन सम्झौताको मस्यौदा तयार पारेर पालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विद्यालयका प्रधानाध्यापकलाई उपलब्ध गराएर प्राप्त सुझावलाई समेत समेटर कार्यसम्पादन सम्झौताको अन्तिमरुप तयार पारेर सम्झौता गरिएको पालिकाका शिक्षा शाखा प्रमुख राम घलानले जानकारी दिनुभएको छ । मस्यौदामाथि नै छलफल गरेर प्राप्त सुझावअनुसार कार्यसम्पादन सम्झौता गरिएकोले प्रभावकारी कार्यान्वयनको आधार समेत तयार पारिएको घलानको भनाइ छ ।

२४ बुँदे कार्यसम्पादन सम्झौताअनुसार प्रधानाध्यापकले चैत मसान्तभित्र आगामी शैक्षिक सत्रको वार्षिक कार्यतालिका तयार गर्नुपर्ने छ। पार्नुपर्नेछ। विद्यालय सुधार योजना निर्माण गर्ने, हरेक शिक्षकले वार्षिक शैक्षिक योजना बनाउने, शैक्षिक उपलब्धी वृद्धिको योजना बनाउने, विपद् प्रतिकार्य योजना निर्माण गर्ने, बालमैत्री बसाई व्यवस्थापन र भयरहित सिकाई वातावरण सुनिश्चित गर्ने सम्झौतामा समेटिएको छ । शिक्षण सिकाई योजना बनाउने, विद्यार्थीको नियमितता र सिकाई अवस्थाका बारेमा अभिभावकसँग त्रैमासिक अन्तरक्रिया गर्ने, श्रव्य-दृश्य सामग्रीसहितको सिकाई क्रियाकलापका लागि पूर्वाधार निर्माण गर्ने, विद्यालयको वार्षिकोत्सव र अभिभावक दिवस हरेक वर्ष अनिवार्यरुपमा मनाउने, फिडर विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि लिडर विद्यालयले आवश्यक सहजीकरण गर्ने सम्झौतापत्रमा उल्लेख छ ।

कार्यसम्पादन सम्झौतासँगै गाउँपालिकाले प्रधानाध्यापकहरुलाई आगामी शैक्षिक सत्रको क्यालेण्डर वितरण गरेको छ। यस्तै शिक्षक सरुवा तथा व्यवस्थापन कार्यविधिको मस्यौदामाथि छलफल गर्दै गाउँपालिकाले २०८१ जेठ मसान्तभित्र अनिवार्य तथा निशूल्क शिक्षा लागु भएको गाउँपालिका घोषणा गर्ने कार्ययोजना कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

मकवानपुरगढी गाउँपालिकाको शिक्षा शाखाले बिहिबार गाउँ शिक्षा योजना निर्माणसम्बन्धी कार्यशालाको आयोजना गरेको छ भने चैत २१ गते विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुलाई उनीहरुको भूमिकाका विषयमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्दै छ। चालु शैक्षिक सत्रको ९ कक्षासम्मको परीक्षा सम्पन्न गरिसकेको मकवानपुरगढी गाउँपालिकाबाट यस वर्ष एसईईमा दुई सय ६२ विद्यार्थी सहभागी हुँदैछन् । १० वटा माध्यमिक तहका विद्यालयमा कक्षा १० मा तीन सय २५ जना विद्यार्थी भर्ना भएका थिए । यस्तै आधारभूत तह (कक्षा-८) को परीक्षामा तीन सय ७४ जना विद्यार्थी सहभागी भएका छन् । यस्तै १ कक्षादेखि ९ कक्षासम्म (८ कक्षाबाहेक) चार हजार आठ सय ३८ जना विद्यार्थी भर्ना भएकोमा चार हजार एक सय ४५ जनाले मात्रै वार्षिक परीक्षामा सहभागिता जनाएका छन् ।

चालु शैक्षिक सत्रको वार्षिक परीक्षाको नतीजा चैत २५ गते प्रकाशन गर्दै चैत २६ गतेदेखि अभिभावक भेटघाट कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकाको शिक्षा शाखाका फोकल पर्सन कमल फुयाँलले जानकारी दिनुभयो । अभिभावक भेटघाट कार्यक्रममा जनप्रतिनिधि र वडा शिक्षा समितिका पदाधिकारी सहभागी हुने उहाँले बताउनुभएको छ। २०७६ सालदेखि विद्यालयका सबै तहका विद्यार्थीका लागि खाजा कार्यक्रम सञ्चालन गरेको गाउँपालिकाले चालु आर्थिक वर्षका लागि कक्षा ६-१२ का लागि ३५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ ।

# एसईई दिने विद्यार्थीलाई खाद्यान्न



*राक्सिराङ गाउँपालिकाका विद्यार्थीलाई खाद्यान्न वितरण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकाले एसईई परीक्षामा सहभागी हुने विद्यार्थीहरुलाई खाद्यान्न सामग्री वितरण गरेको छ । बुधबार पालिकामा एक कार्यक्रमका बीच २ सय ३ जना विद्यार्थीलाई खाद्यान्न सामग्री वितरण गरेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिनुभयो ।

गाउँपालिकाले प्रतिविद्यार्थी १२ केजी चामल, नुन, तेल र दाल वितरण गरेको हो । विद्यार्थीहरुलाई परीक्षाको समयमा खानपिन गर्न समस्या नहोस् भन्ने उद्देश्यले पालिकाले खाद्यान्न सामग्री वितरण गरिएको गर्तौलाले बताउनुभयो ।

खाद्यान्न वितरण कार्यक्रममा पालिकाका अध्यक्ष राजकुमार मल्ल, उपाध्यक्ष वनस्तम थिङ र वडाध्यक्षहरुको उपस्थिति रहेको थियो ।


## पालिकामै पहिलो पटक परीक्षा केन्द्र

हेटौंडाः यस वर्षको एसईई परीक्षा आज बिहीबारबाट सुरु हुँदैछ । बिहीबारबाट सुरु हुने परीक्षाका लागि राक्सिराङ गाउँपालिका-५ स्थित प्रजा जागृति माविमा पहिलो पटक एसईई परीक्षा केन्द्र तोकिएको छ ।

राक्सिराङका विद्यार्थीहरुले पहिलो पटक पालिकाभित्र एसईई परीक्षा दिन लागेका हुन् । यसअघि राक्सिराङका विद्यार्थीहरुले मनहरी गाउँपालिकास्थित राष्ट्रिय रोटरी मावि र महेन्द्र किरण माविमा एसईई परीक्षा दिँदै आइरहेका थिए । राक्सिराङबाट यसपटक २ सय ८१ जना विद्यार्थी एसईई परीक्षामा सहभागी हुँदैछन् ।

राक्सिराङमा परीक्षाका लागि केन्द्र व्यवस्थापनका सबै काम सकिएको पनि प्रमुख प्रशासकीय अधिकृत गर्तौलाले बताउनुभयो । पालिकाभित्रका ५ माविबाट २ सय ८१ विद्यार्थी एसईई परीक्षामा सहभागी हुन लागेका हुन् ।

यस वर्ष राक्सिराङ-६, सिलिङ्गेस्थित राष्ट्रिय माविबाट ९३ जना नियमिततर्फ र १६ जना ग्रेड वृद्धितर्फका परीक्षार्थी रहेका छन् । वडा नम्बर ३, पलाँसेस्थित सूर्योदय माविबाट ४९ जना नियमिततर्फ र ग्रेडवृद्धितर्फ १४ जना परीक्षार्थीले एसईई दिँदैछन् । वडा नम्बर ९, अठारेस्थित कालिका माविबाट ३६ जना नियमिततर्फ र २ जना ग्रेडवृद्धितर्फ एवम् वडा नम्बर ८ स्थित श्री माविबाट नियमिततर्फ २९ जना र ग्रेड वृद्धितर्फ ३ जनाले एसईई परीक्षा दिनेछन् । यस्तै, वडा नम्बर ४ स्थित कालिका माविबाट १३ जना नियमितर्फका विद्यार्थी एसईई परीक्षामा सहभागी हुँदैछन् । परीक्षामा पालिकाभित्रका १ सय ४ जना चेपाङ विद्यार्थी सहभागी हुँदैछन् ।



## सम्पादकीय

# एसईईमा सहभागीलाई शुभकामना

आज चैत १५ गते बिहीबारबाट शैक्षिक सत्र २०८० को माध्यमिक शिक्षा परीक्षा (एसईई) देशभर सुरु हुँदैछ । राष्ट्रिय परीक्षा बोर्डले सञ्चालन गर्ने एसईई परीक्षा विहान ८ बजेबाट सुरु हुनेछ । साधारण धारतर्फको चैत २३ गतेसम्म र प्राविधिक धारतर्फको एसईई चैत २७ गतेसम्म हुनेछ । विगतमा कक्षा १० सम्म विद्यालय शिक्षा रहँदा कक्षा १० को अन्तिममा लिइने परीक्षालाई एसएलसी भनिन्थ्यो । अहिले विद्यालय तह कक्षा १२ सम्म कायम भएपछि कक्षा १० को अन्तिममा लिइने परीक्षालाई माध्यमिक शिक्षा परीक्षा (एसईई) भनिन्छ । विगतमा विद्यार्थी जीवनकै सबैभन्दा महत्वपूर्ण परीक्षाको रुपमा लिइने एसएलसी कक्षा १२ मा पुगे पनि कक्षा १० को एसईईलाई एसएलसी जसरी नै सञ्चालन गरिँदै आएको छ । एसईई परीक्षालाई राष्ट्रियस्तरमा सञ्चालन नगर्ने भनिए पनि नयाँ शिक्षा ऐन तथा नियमावली बन्न नसक्दा विगतको एसएलसीजस्तै देशव्यापी निकै तामझामका साथ एसईई परीक्षा सञ्चालन हुँदै आएको छ ।

यस वर्षको एसईई परीक्षामा देशभर ५ लाख ४ हजार ४१४ जना विद्यार्थी सहभागी हुँदैछन् । देशभर २ हजार ६४ परीक्षा केन्द्र तोकिएका छन् । एसईईका लागि ७७ हजार ४ सय ८५ जना जनशक्ति परिचालन हुने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । एसईईका लागि २ हजार ६४ जना केन्द्राध्यक्ष खटाइएको छ । यस्तै, ४ हजार एक सय २८ जना सहायक केन्द्राध्यक्ष र २५ हजार २ सय २२ जना निरीक्षक परीक्षामा परिचालन गरिनेछ । यस्तै, ५ हजार ५४ जना परीक्षा सहायक र १० हजार ८१ जना कार्यालय सहयोगी परीक्षामा खटिने बताइको छ । परीक्षा केन्द्रमा ३० हजार ९ सय ६० जना सुरक्षाकर्मीसमेत परिचालन गरिनेछ । मकवानपुर जिल्लामा यस वर्ष ६ हजारभन्दा बढी परीक्षार्थीले एसईई दिँदैछन् । जिल्लाका एक सय ३८ विद्यालयबाट ६ हजार एक सय ५६ जना विद्यार्थीले एसईईको परीक्षा फारम भरेका हुन् । मकवानपुर जिल्लामा २६ वटा परीक्षा केन्द्रमा एसईई परीक्षा हुनेछ ।

विद्यार्थीका लागि प्रत्येक शैक्षिक सत्रको अन्त्यमा लिइने परीक्षाको विशेष महत्व हुने गर्दछ । माथिल्लो कक्षामा जानका लागि शैक्षिक सत्रको अन्तिममा लिइने वा वार्षिक परीक्षा उत्तीर्ण हुनु अनिवार्य भएकाले महत्व बढी हुनु स्वभाविक हो । तर, एसईईलाई भने कक्षा १० बाट कक्षा ११ मा जाने परीक्षाको रुपमा मात्र नहेरी समग्र विद्यार्थी, अभिभावक, शिक्षक र विद्यालयको स्तर र प्रतिष्ठासँग दाँज्ने आधार मान्ने गरिएको छ । यसैकारण विगतमा एसएलसीलाई जसरी राज्य, शैक्षिक प्रशासक, शिक्षक, विद्यालय, अभिभावक तथा विद्यार्थी सबैले उच्च महत्व दिएका थिए, अहिले एसईईलाई पनि उस्तै महत्व दिने गरिएको छ । अहिले एसईईमा सहभागी विद्यार्थीले यो परीक्षा उत्तीर्ण गरेपछि कक्षा ११ मा अध्यनका लागि योग्य हुने हो । यस वर्षबाट एसईईमा सहभागी विद्यार्थीका लागि पनि परिमार्जित लेटर ग्रेडिङ पद्दति लागू हुने राष्ट्रिय परीक्षा बोर्डले जनाएको छ । प्रत्येक विषयमा ३५ प्रतिशत अंक ल्याउने विद्यार्थीमात्र कक्षा ११ अध्ययनका लागि योग्य हुनेछन् भने कुनै विषयमा ३५ प्रतिशत अंक ल्याउन नसक्ने विद्यार्थी ग्रेडिङमा पर्दैनन् र उनीहरुले उक्त विषयको पुनः परीक्षा दिनुपर्ने हुन्छ ।

कक्षा १२ सम्मलाई विद्यालय तह मानिएपछि कक्षा १२ को अन्त्यमा लिइने परीक्षालाई एसएलसी (स्कूल लिभिङ सर्टिफिकेट) परीक्षा हुनुपर्छ । यस आधारमा कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसईई)लाई अहिलेको जस्तो राष्ट्रियस्तरमा सञ्चालन गर्नु उचित देखिँदैन । आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा स्थानीय तहले सञ्चालन गर्ने भएका कारण एसईईलाई प्रदेशस्तरमा सञ्चालन गरिनु सान्दर्भिक हुनसक्छ । नभए यसलाई पनि कक्षा ९ वा ११ को जस्तै विद्यालयले नै सञ्चालन गर्नसक्ने बनाउन पनि सकिन्छ । एसईईलाई कक्षा १० उत्तीर्ण गरेर ११ कक्षामा जाने आधारमात्र मान्ने हो भने विद्यार्थीलाई अनावश्यक दवाव र अभिभावकलाई आर्थिक भार कम हुनेथियो । राम्रो नतिजा ल्याउनुपर्ने दवावका कारण कतिपय विद्यार्थीको परीक्षा बिग्रनसक्ने भएकाले परीक्षाको समयमा विद्यार्थीले यस्ता दबाब तथा त्रासबाट मुक्त हुनुपर्छ । परीक्षालाई सामान्यरुपमा लिएर राम्रो गर्ने प्रयास विद्यार्थीले गर्नुपर्छ । इसईईमा सम्मिलित विद्यार्थीलाई परीक्षा राम्रोसँग दिएर उच्च शैक्षिक उपलब्धी हासिल गर्न शुभकामना छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : साझेदारीका कामबाट लाभ प्राप्त । |
| वृष | : व्यवहारिक र प्राविधिक काममा लागी परिइएला । |
| मिथुन | : बौद्धिकताले आफ्नो वर्चस्व कायम रहला । |
| कर्कट | : आफन्तजनबाट सुख र आनन्द प्राप्त होला । |
| सिंह | : आकस्मिक सम्मान र धन प्राप्ति योग रहला । |
| कन्या | : समझदारी र सहकार्यको भावनामा विकास होला । |
| तुला | : रिस र घमण्डले आफूलाई नै हानी होला । |
| वृश्चिक | : शारीरिक आलस्यता र मन विचलित होला । |
| धनु | : दौडधुप र यात्रामा सरिक भइने योग छ । |
| मकर | : पारिवारिक सहयोग त्यति प्राप्त नहोला । |
| कुम्भ | : काममा सतर्कता साथै विवेक प्रयोग गर्दा राम्रो । |
| मीन | : आध्यात्मिक र दार्शनिक काममा मन लागला । |

# राष्ट्रघाती दलालहरुको दिनगन्ती सुरु



डा. डी.बी. मोक्तान

जन-जनको मनमा बस्न सफल दुर्गा प्रसाईलाई दिमाग खुस्किएको, बैंकको ऋण तिर्न नसकेर टाट पल्टेको, मानसिक विचलन तथा डिप्रेशनमा गएको, आफ्नो ऋण मिनाहा गराउन केही लघुवित्त, सहकारी र बैंक तथा वित्तीय संस्थाको ऋणीहरुलाई उचाल्दै राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ अभियानको खोक्रो आवरणमा आफ्नो अभिष्ट पुरा गर्न र जनतालाई भेंडा बनाउन अति सिपालु नैतिकहीन चरित्रको भ्रष्ट मानव आकृति हुन् भन्दै तथानाम गाली र चरित्र हत्या गर्ने राष्ट्रघाती दलालहरुको विनाशको घडी सुरु भैसकेको उद्घोष गर्दा फरक नपर्ला ।

लाखौं जनताको मन जित्न सफल दुर्गा प्रसाईको अभियानमा लाखौं जनताको जुलुश देखेर अतालिएका केही राष्ट्रिय पार्टीका कमिशनखोर नेता भनाउँदाहरु राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ अभियानसँग सैद्धान्तिक लडाईं गर्न नसकेपछि जसरी भए पनि दुर्गा प्रसाईको अभियानलाई तुहाउनुपर्छ भन्ने कुत्सित भावनाले प्रेरित भई न्वारानदेखिको बल लगाउँदै भौतिक कार्वाही गर्ने भनी चेतावनी दिने, जूत्ता प्रहार गरेर मानसिक विचलन गराउने, भ्रष्टाचारी, व्यभिचारी, तस्करी आदि उपनामले दुर्गा प्रसाईको छवि धमिल्याउने, मोसो दलेर दुर्गा प्रसाईको व्यक्तित्वमा दाग लगाउने जस्ता दुस्प्रयास गर्‍यो । त्यत्ति गर्दा पनि दुर्गा प्रसाईको लोकप्रियता घट्नुको साटो दिन दुई गुणा र रात चौगुणा बढ्दै देशै दुर्गामय भएपछि पीडाले छट्पटिँदै अब प्रसाईलाई जेल नकोची हुँदैन भन्ने विचलित मानसिकताले ग्रस्त हुँदै दुर्गा प्रसाईलाई अविलम्ब जेल चलान गरियोस् भनेर प्रधानमन्त्री पुष्पकमल दाहालको खुट्टा ढोग्न पुग्यो । हरे शिव ! चाकडीको पनि एउटा सिमा हुन्छ नि । होइन र ?

राष्ट्र र राष्ट्रिय सम्प्रभुत्ता जोगाऔं । युवा शक्ति विदेश पलायन भैसके । गाउँघर, डाँडाकाँडा, तराई, पहाड, हिमाल दिनदिनै उजाड बन्दैछ । अब हामी रमिते बन्न हुँदैन । गणतन्त्र र संघीयताले देशै डुबाइसक्यो । यसलाई खारेज गरौं । हिन्दु राज्यसहितको राजसंस्थाको स्थापना गरौं । मीटरव्याजी, लघुवित्त, सहकारी तथा वित्तिय एवम् निजी बैंकको चर्को व्याजले थिलथिलो भएको सर्वसाधारण किसान, गरिव, निमुखा तथा भुईमान्छेहरुको जग्गाहरु लिलाम हुनबाट जोगाऔं । उनीहरुको गाँस, बास र बाँच्ने अधिकार नखोसी देउ, सरकार । एनसेल जस्ता भ्रष्ट व्यवसायीहरुले राज्यलाई दिनुपर्ने राजश्व तथा कर छली गरेकोहरुलाई कार्वाही गरी राजस्व संकलन गरौं । गरिब, किसान, निमुखा तथा भुईमान्छेहरुको २० लाखसम्मको ऋण मिनाहा गरिदिउँ । थोरै व्याजमा धेरै फाइदा लिन सकिने भनी सिधासाधा जनतालाई झुठो प्रलोभनमा पारी चर्को व्याज असुल्ने भ्रष्टाचारी लघुवित्त, सहकारी, बैंक तथा वित्तीय संस्थालाई कार्वाही होस् र सहुलियत दरमा ऋण तथा कर्जा उपलब्ध गराउने व्यवस्था होस् भनेर जनताको आवाज उठाउँदा यि जनताको नेता भनाउँदाहरुको छाती किन दुख्छ ? ए नेताहरु, तिमी, तिम्रा बाउ-आमा, छोराछोरीहरु यो देशको जनता होइनन् ? तिमीलाई एक लाखको ललीपप देखाएर करोडौं असुलेको तिम्रो फुला परेको आँखाले देखेन ? नत्र असनको गल्लतिर काँधमा कपडाको बिटो बोकेर बेच्दै हिँडेको मारवाडीहरु कसरी रातारात खर्बपति बन्छन् ?


सिँचाई आयोजना होस् वा हाइड्रो प्रोजेक्ट । विमानस्थल निर्माण होस् वा विमान खरिद । सुनको जलहारी होस् कि भ्युटावर निर्माण । रंगशाला निर्माण होस् कि सडक निर्माण । जतातत्तै जनता र देश लुटिएकै छ । भनिन्छ व्यापारीहरुलाई देशको माया हुँदैन । किनकी उसलाई जहाँ बढी फाइदा हुन्छ, ऊ त्यत्तै दौडिन्छ । यो देशको मारवाडी समुदायको व्यापारीहरु पनि अन्तर्राष्ट्रिय व्यापारी बनिसकेका छन् । उनीहरुलाई यो देशको माया छैन । नेताहरु पनि उनीहरुकै जुठोपुडोमा हुर्केकोले उनीहरुकै सीको गर्दैछन् । यसरी विस्तारै देश सिक्किम बन्दैछ । नेपाली जनता रुखमा फल्न थालेको कुनै अनौठो घटना होइन । यो त यहि लुटेराहरुको कर्तुतको प्रतिफल हो । यस्तो कर्तुतको पर्दाफास गर्दै उनीहरुको अनुहार नै नाङ्गेझार बनाउँदा पनि राज्य हाँक्ने जिम्मा लिएका नेता तथा मन्त्री गणहरु किन आँखा चिम्लिन्छन् ? किन त्यस्ता भ्रष्टाचारी र तस्करीहरु समातिँदैनन् ? किन कार्वाही गरिँदैन ? किनकी नेता भनाउँदा यिनीहरुलाई यो देशको माया नै छैन । जनताको त कुरै छाडौं । यदि यो देशको माया हुँदो हो त एनसेल घोटाला, ललिता निवास घोटाला, बाँसबारी छाला तथा जुत्ता कारखानाको जग्गा घोटाला, हायत होटलले हडपेको जग्गा घोटाला, बालमन्दिरको जग्गा घोटाला, यति इन्टरनेशनल तथा ओम्नी घोटाला, गोकर्णेश्वर तथा गोदावरी रिसोर्ट घोटाला, पशुपति क्षेत्रको जग्गा भाडा घोटाला, लुम्विनीको जग्गा घोटाला, वाइड तथा न्यारो बडी जहाज घोटाला, धमिजा तथा चाइना चेज एयरबस खरिद घोटाला, सेक्युरिटी प्रिन्टिङ्ग प्रेस खरिद घोटाला, औषधि खरिद घोटाला जस्ता जघन्य अपराध किन गर्थे ? त्यति मात्र होइन, नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई मानव तस्कर समेत गर्न बाँकी राखेनन् । यस्ता मानव तस्करीहरुलाई हामी जनताको नेता भनेर कसरी विश्वास गर्ने ? उनीहरुको आन्द्रा-भूँडी सबै त्यही कमिशनखोर, राष्ट्रघाती दलाल, देश बेचुवा गद्दारहरुसँग गाँसिएको छ । केवल अनुहार मात्र फरक ।

नवनियुक्त उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले राष्ट्रघाती दलाल, कमिशनखोर तथा भ्रष्टाचारी, अत्याचारी तथा बलात्कारी, सुनदेखि मानव तस्करी र सार्वजनिक जग्गा हडप्नेदेखि कृत्रिम अभाव सृजना गरी कालाबजारी गर्ने व्यापारी तथा व्यवसायीहरु, राजश्व तथा कर छली गर्ने उद्योगपतिहरु लगायत चाहे बहालवाला मन्त्री होस् वा सांसद, कर्मचारी होस वा ब्रम्हचारी, इतर पक्षका होस् वा भित्तर पक्षका, सरकार पक्षका होस् वा प्रतिपक्षका, कसैलाई पनि दया-माया वा करुणा गरिने छैन । कानुनको दायरामा ल्याएरै छाड्ने कसम खाएका छन् । जस्को ज्वलन्त उदाहरण अस्ति मात्र देखियो । कृष्ण महरा नामै काफी, परिचय दिइरहनु नपर्ला, समातिएको तीन दिनमै रिहा भए । हिरासतमा राखिएको त्यो तीन दिन पनि सुपर स्टार अस्पतालको लक्जरियस बेडमा बिताए । किनकी उहाँ विरामी हुनुहुन्थ्यो रे । समातिनु अघि भोज र मोजमा रमाएका नेताजी प्रहरीको फन्दामा पर्नासाथ विरामी भैहाल्ने । अनि कारागारमा रहेको बन्दीहरु चाहीँ कोही विरामी छैनन् त गृहमन्त्री ज्यु ? तपाइहरु मध्ये कोही विरामी हुनुहुन्छ भनेर कुनै बन्दीलाई सोध्नु भो ? सामान्य अपराधीलाई हत्कडी लाइहाल्नु पर्ने तर अरुण चौधरी र महराजीहरुलाई सलाम ठोक्दै स-सम्मान अदालतमा हाजिर गराई रिहा गर्नुपर्ने । यो कस्तो नकचरे मानव प्रवृति तपाइको ? गफ चाहीँ आकाश-पाताल हाँक्ने तर काम चाँही दाम पचाउने बाहेक केही देखिएन । यस्ता फटाहा गफले गृह प्रशासन चल्ला ? एक पटक गगन थापाले यो देशमा एमसीसी भन्ने जन्तुले नेपालको कानूनलाई बिथोल्ने काम गर्‍यो भने मलाई चारपाटा मुडेर, नाङ्गोझार बनाएर, सुंगुरको पाठो बोकाएर थानकोट कटाइदिनु भनेका थिए । अहिले एमसीसीले नेपालको कानुन दैवले जानुन भन्न थालिसके । के अब गगनलाई थानकोट डाँडा कटाउने होइन त रवि जी ? कि आफै काटिने हो डाँडा ? अखिर तपाई पनि त त्यहि मार्काको हो । तर हामी तपाइलाई डाँडा काट्न दिन्नौं । यतिखेर तपाईको आवश्यक्ता छ यो देशलाई । हामी तपाइको साथमा छौं तर खट्टान कमाउनु होस ।

अन्त्यमा, विगत १२/१३ बर्षदेखि थन्क्याइएको दुर्गा प्रसाईको विर्तामोड, मेडिकल कलेज (विएमसी) को स्वास्थ्यकर्मी तथा चिकित्सक उत्पादन एवम् शिक्षा-शिक्षण सम्बन्धी सम्बन्धन फाइललाई सर्वोच्च अदालतबाट यहि फागुन १२ गते स्वीकृति प्रदान गरिएको छ जो सम्पूर्ण नेपालीहरुको लागि ज्यादै खुशीको खबर हो । अब स्वास्थ्यकर्मी तथा चिकित्सक बन्न चाहने हरेक नेपालीहरुका लागि विदेश यात्रा गर्नपर्ने छैन । आमा, बुबाको न्यानो काखमा बसेर स्वदेशमै अध्ययन गर्न पाउनु हामी नेपालीको लागि सौभाग्यको कुरा हो । अत्याधुनिक उपचार विधि तथा उपकरणहरुको प्रयोगशाला रहेको यस विएमसी कलेजमा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त एवम् अनुभवी प्राध्यापकहरुबाट प्रशिक्षण गराइने भएकोले यस कलेजको भविष्य पनि अति सुन्दर देखिएको छ । सम्बन्धन दिलाएकोमा सर्वोच्च अदालत काठमाडौंलाई मुरी मुरी धन्यवाद तथा सम्बन्धन प्राप्त गर्न सफल हुनुभएको दुर्गा प्रसाई ज्युलाई पनि ३ करोड नेपालीको विशेष हार्दिक बधाई ।

तर देशका जुझारु युवा शक्तिहरुलाई खाडी मुलुक जान बाध्य बनाई देश लुटन पल्केका यि नरपिचासहरुको दिनगन्ती सुरु हुन अब धेरै दिन बाँकी छैन । त्यसैले अभियान मात्र होइन प्रसाई ज्यु, नयाँ वर्ष २०८१ सालसँगसँगै बैशाख महिनाको आँधी बेहरी झैं जनआन्दोलनको आँधी बेहरी देशैभरि ल्याउनु छ । त्यसैले अब तयारीमा जुटौं ।

# अभिभावकका ५ बानी, जसले बच्चामा पार्छ नकारात्मक प्रभाव



गृष्मा पनेरु/मनोपरामर्शदाता

अभिभावकले आफ्ना सन्तानले कहिले पनि दुःख नपाउन्, सधैं खुसी रहुन् भन्ने चाहना राख्छन् । यो स्वभाविक पनि हो । आफ्ना सन्तानले दुःख पाएको, उनीहरुको आँखाबाट आँसु झरेको कसले पो चाहन्छ र ?

तर कतिपय अवस्थामा आवश्यकताभन्दा बढी माया देखाउनुको नकारात्मक प्रभाव पनि पर्न सक्छ ।

**बालबालिकालाई आवश्यकताभन्दा धेरै माया देखाउनु**

लेबनानी कवि तथा लेखक खलिल जिब्रानको एउटा प्रख्यात भनाइ छ, 'सन्तान तपाईंको माध्यमबाट संसारमा आउँछन्, तर तिनीहरु तपाईंका होइनन्, संसारका सन्तान हुन् । त्यसैले अभिभावकले सन्तानलाई माया गर्नुपर्छ तर माया गर्नुको पनि सीमा हुनुपर्छ ।'

जस्तै- बच्चा हिंड्न नसक्ने, आफैं खान नसक्ने भएसम्म अभिभावकले गर्नुपर्छ । तर बच्चा सक्षम भइरहेपछि पनि आफ्नो बच्चा भनेर जहिले काखमा लिइराख्ने, आफैंले खाना खुवाउने, लुगा लगाइदिने, हरेक समय बच्चासँगै बस्ने गर्नुहुँदैन । किनभने अभिभावकको नजरमा त्यो माया हुनसक्छ तर बच्चालाई अभिभावक देखेर रिस उठ्न सक्छ । बच्चाको नजरमा यस्ता अभिभावक खलनायक हुन्छन् ।

त्यसैले बच्चाले आफ्नो हेरचाह गर्न सक्षम भएपछि उसलाई साथीहरुसँग घुलमिल हुन दिनुपर्छ । यसले बच्चाको शारीरिक तथा मानसिक विकास राम्रो हुन्छ ।

**बाहिरको रिस बालबालिकामा पोख्ने बानी**

कोही अभिभावक बच्चालाई आवश्यकताभन्दा धेरै माया गर्ने गर्छन् भने कोही अभिभावक बाहिर अरुको रिस घरमा आएर बच्चामा पोख्ने गर्छन् । यस्तो व्यवहार गर्ने अभिभावकप्रति बच्चाको मनमा मान सम्मानको सट्टा डर, घृणा र रिस उत्पन्न हुन्छ । उनीहरु असुरक्षित महसुस गर्छन् । यस्ता नकारात्मक सोचले बच्चा र अभिभावकको सम्बन्ध बिग्रिदै जानुका साथै उनीहरुको वृद्धि विकासमा पनि नकारात्मक असर पर्छ । घरमा यस्तो व्यवहार देखाउने अभिभावकलाई नराम्रो मान्छन् ।

**बच्चालाई आफूमा अत्यधिक निर्भर बनाउँदा**

संसारका हरेक प्राणीको आधारभूत लक्ष्य बच्चालाई जतिसक्दो चाँडो आत्मनिर्भर बनाउने हो, तर भावनाका कारण मानिसले ढिलाइ गर्छन् । कोही अभिभावक आफ्ना बच्चालाई लामो समयसम्म नियन्त्रणमा राख्न खोज्छन् । यसले बच्चा स-साना कुरामा अभिभावकप्रति निर्भर हुन्छ । जस्तै- के खाने, के नखाने, कसलाई साथी बनाउने ? यी कुरामा अभिभावकले भन्दा पनि बच्चाहरु आफैंलाई निर्णय लिन प्रोत्साहन गर्नुपर्छ । बरु उसको कुरा राम्रोसँग सुन्ने र केही प्रश्न गरेको अवस्थामा सुझाव दिने गर्नुपर्छ । यसो गर्नाले उनीहरुको आत्मविश्वास बढ्दै जाने र निर्णय लिने क्षमताको विकास हुँदै जान्छ ।

**अन्य बच्चासाग तुलना गर्ने बानी**

एकअर्कासँग तुलना गर्नु मानवीय स्वभाव हो । धेरैजसो हामी अरुको तुलना गरेर नै अगाडि बढ्न प्रेरणा लिइरहेका हुन्छौं । तर कहिलेकाहीं हरेक समय तुलना गर्ने बानीले बच्चाको दिमागमा नकारात्मक सोच उत्पन्न हुनसक्छ । वास्तवमा, आफ्नो बच्चालाई अन्य बच्चासँग तुलना गरेर उसलाई अनावश्यक अप्रत्यक्ष दबाब दिने गरेको देखिन्छ । उसलाई अरु जस्तै बन्न अप्रत्यक्ष दबाब दिंदा बच्चाले आफूलाई अरुभन्दा कम ठान्न थाल्छ । भविष्यमा आफ्नो करिअरमा असफल भएमा त्यसको दोष अभिभावकलाई दिन सक्छन् ।

**बच्चासँग कम बोल्ने बानी**

अभिभावकहरु बच्चालाई चाहिने सबैथोक भन्नेबित्तिकै ल्याइदिएकै छ, अरु

....बाँकी पृष्ठ ३ मा

# आगामी आर्थिक वर्षको बजेट तर्जुमा बारे वडामा छलफल



*आगामी आर्थिक वर्षका लागि हेटौँडा-१ मा भएको योजना तर्जुमा गोष्ठीमा सहभागी ।*

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपलिका १ नम्बर वडा कार्यालयमा आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तर्जुमा सम्बन्धमा छलफल भएको छ । छलफलका क्रममा सहभागी वडा बासीहरुले खानेपानीकै अभाव भएको गुनासो गरेका छन् ।

बुधबार हेटौँडा उपमहानगर पालिकाका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य तथा १ नम्बर वडाका वडा अध्यक्ष सविन न्यौपानेको सभाध्यक्षतामा छलफल कार्यक्रम भएको हो । कार्यक्रममा हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरी, वडाका राजनीतिक दलहरु, सामुदायिक विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समिति अध्यक्षहरु, वडाका टोल विकास संस्थाका अध्यक्षहरु, वडाका विभिन्न संघसंस्था तथा सहकारीका अध्यक्षहरु, वडा बाल सञ्जालका अध्यक्ष तथा अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनबमोजिम प्रत्येक वर्ष असार १० गतेभित्र स्वीकृतिको लागि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी नगरसभामा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । उक्त कानुनी व्यवस्थाबमोजिम बजेट तयारीको सम्बन्धमा वडाको दैनिक कार्य सञ्चालन, नियमन, नियन्त्रण, योजना तर्जुमा, प्राथमिकता निर्धारण, कार्यान्वयन र अनुगमन सम्बन्धी विविध विषयमा नगर प्रमुखसहितको टोलीको उपस्थितिमा वडास्तरीय भेला गरी आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले छलफल कार्यक्रमको आयोजना भएको हो ।

छलफलका सहभागी वडाबासीले खानेपानीको अभाव रहेको बताएका छन् । साविक हेटौँडा उपमहानगरपालिकाको वडा नम्बर वडा १ र साविक बसामाडी गाविसको वडा नम्बर ८ र ९ मिलेर अहिलेको वडा नम्बर १ बनेको हो । वडाको कुल क्षेत्रफल १४.८६ वर्ग किलोमिटर रहेकोमा अधिकांश भागहरु ग्रामीण क्षेत्रमा छन् । ग्रामीण भू-भागमा भौगोलिक विकटताको कारण खानेपानीको अभाव रहेको छ । ८ हजार ३ सय ६६ जनसंख्या रहेको वडामा ३ हजार जनाभन्दा बढी मानिसले सहजरुपमा खानेपानी सुविधा पाएका छैनन् ।

हेटौँडा बजारबाट नजिकै रहेको भैरब डाँडामा समेत उपमहानगरपालिकाले ट्याङ्करबाट पानी लगेर वितरण गर्दै आएको छ । वडाको बजार क्षेत्रबाहेक अन्य सबै स्थानमा खानेपानीकै अभाव रहेको वडाबासीको भनाइ छ । खानेपानी समस्या समाधानका लागि ठूलो योजना नै आवश्यक पर्ने भएकाले संघीय सरकारबाट योजना परेको र योजनाका कामहरु पूरा नहुनाले खानेपानीको अभाव रहेको बताइएको छ ।

छलफलको क्रममा कालिका आधारभूत विद्यालय नकौलीका प्रधानाध्यापक बैकुण्ठ पराजुलीले विद्यालयलाई मावि तहसम्म सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको छ । विद्यालयलाई बालमैत्री घोषणा गर्नुपर्ने भन्दै विद्यालयको भौतिक सुधार र शिक्षक दरबन्दी थप गर्नुपर्ने आवश्यकता रहेको उहाँले बताउनुभयो । छलफलमा सहभागी विद्यालयका प्रधानाध्यापकहरुले विद्यालयको भौतिक संरचनाको सुधार, विद्यालयमा आवश्यक प्राविधिक वस्तुको अभाव रहेकाले बजेटमा समावेश गराउन आग्रह गरेका थिए ।

वडाका टोल विकास संस्थाका प्रतिनिधिहरुले आफ्नो टोलमा ढलको व्यवस्थापन गर्नुपर्ने, साँघुरा सडकहरुलाई विस्तार गर्नुपर्ने र वडा कार्यालयमा सभाहल निर्माण गर्न आवश्यक रहेको बताएका थिए । छलफलमा अधिकांश ग्रामीण भेगका विद्यालय र टोलहरुमा खानेपानीको नै समस्या रहेको र आगामी बजेटमा उपमहानगरपालिकाले वृहत् योजना समावेश गराउनुपर्नेमा जोड दिइएको थियो ।

छलफलमा वडा बाल सहजकर्ता कृष्टिना मैनालीले विद्यालय छाडेका बालबालिकाहरुका लागि सिपमूलक तालिमको आवश्यकता रहेकोमा जोड दिनुभयो । खुला दिसापिसाबमुक्त क्षेत्र घोषणा भएता पनि १ नम्बर वडाको माथिल्लो भेगमा शौचालय नै नभएकाले त्यसको व्यवस्थापन गर्नुपर्ने बताउनुभयो । यस्तै, नकौली स्वास्थ्य चौकीकी पार्वती पौडेलले एक जनाले मात्र स्वास्थ्य चौकी चलाउनुपर्ने बाध्यता रहेकाले एक जना अहेव आवश्यक रहेको बताउनुभयो । ड्रेसिङ गर्ने सामग्रीसमेत पर्याप्त नभएकाले उपमहानगरले आगामी वर्षको बजेटमा समाबेश गराएर व्यावस्थापन गर्नुपर्ने माग राख्नुभयो ।

छलफलको क्रममा हेटौँडा उपमहानगरपालिकाका प्रमुख लामाले हरेक टोलटोलमा रहेको समस्या बुझ्न स्थानीय तहले छलफल कार्यक्रमको आयोजना गरेको बताउँदै स्थानीय तहमा धेरै समस्या रहेको र केहीमात्र समस्या समाधान भएको बताउनुभयो । नगरले यसपटक खानेपानी, स्वास्थ्य र शिक्षाको क्षेत्रमा प्राथमिकतामा राखेर कार्यक्रम निर्माण गर्ने उहाँले आश्वासन दिनुभयो ।

यस्तै, नगर उपप्रमुख बानियाँले जनताको आवश्यकताअनुसार वडागत आवश्यकताको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेमा जोड दिनुभयो । वडा अध्यक्ष न्यौपानेले विगतका दिनमा स्थानीय तहहरुले विकासको रेखा कोर्ने काम गरेको बताउँदै आगामी दिनमा विकास हुँदै जानेमा जोड दिनुभयो । बुधबार एक सूचना जारी गर्दै हेटौँडा उपमहनगर पालिका ४ नम्बर वडा कार्यालयले चैत १६ गतेका लागि आर्थिक वर्ष २०८१/८२ को वार्षिक बजेट तर्जुमा सम्बन्धमा छलफल गर्ने जानकारी दिएको छ ।

# मकवानपुरमा ४५ अनलाइन ठगीका घटना

समाज संवाददाता

हेटौँडाः मकवानपुरमा चालु आर्थिक वर्षमा ४५ वटा अनलाइन ठगीका घटना भएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षको चैतसम्ममा ४५ वटा अनलाइन ठगीका घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीका अनुसार चालु आर्थिक वर्षमा फेसबुकबाट ठगी हुने १७ घटना, ह्वाट्स एपबाट १६, इन्स्टाग्रामका ५ र टिकटकका माध्यमबाट ३ वटा अनलाइन ठगीका घटना दर्ता भएको छ । उक्त घटनामध्ये हालसम्म ७ वटा निवेदनको ठगी भएको रकम फिर्ता गर्न सफल भएको र बाँकी घटनाको अनुसन्धान भइरहेको उहाँले बताउनुभयो ।

४५ घटनामा ४६ लाख ६६ हजार ६ सय १६ रुपैयाँ ठगी भएको पाइएको उहाँले बताउनुभयो । विभिन्न आकर्षक चिठ्ठा परेको भन्दै सर्वसाधारणहरूको गोप्य विवरणहरू प्राप्त गर्ने र त्यसको दुरुपयोग गर्दै सम्बन्धित व्यक्तिको खाताबाट रकम हिनामिना गर्ने घटनाहरू धेरै भएको उहाँले बताउनुभयो । यस्ता ठगीबाट सबैभन्दा बढी प्रविधिबारे कम जानकार नागरिकहरु पीडित हुने देखिएको पनि उहाँले बताउनुभयो ।

प्रहरी प्रवक्ता भण्डारीका अनुसार नेपालको बैंकिङ प्रणाली डिजिटल माध्यमतर्फ रूपान्तरण हुँदै गर्दा प्रविधिको प्रयोग गरी हुने ठगीका घटनाहरु बढ्न थालेको हो । प्रविधिको पहुँच बढ्दै गएको भए पनि बैंकिङ कारोबार अनि गोपनीयताजस्ता विषयबारे धेरै सर्वसाधारण जानकार नहुँदा ठगी गर्नेहरूको सङ्ख्या व्यापक बढेको पनि उहाँले बताउनुभयो ।

प्रवक्ता भण्डारीले ठगिएका धेरै घटना भारतबाट हुने गरेको बताउनुभएको छ । हालसम्मको प्रहरी अनुसन्धानअनुसार यस्ता ठगी गर्नेहरू प्रायःजसो भारतमा बसेर गरेको पाइएको उहाँको भनाइ छ । यसरी ठगी गर्नेहरूले ह्वाट्स एपजस्ता पत्ता लगाउन गाह्रो हुने माध्यमबाट संवाद गर्ने र काम सकिएपछि ठगी गर्नेहरूले सामाजिक सञ्जाल खाताहरू पनि निष्क्रिय पार्ने उहाँले बताउनुभयो । पहिचान गर्न गाह्रो पर्ने माध्यम अनि स्थानमा आधारित रहेर यस्ता कार्यहरू गरिने हुँदा सर्वसाधारण नै सजग नहुँदासम्म यस्ता घटना कम नहुने उहाँको भनाइ छ ।

अनलाइनमार्फत् ठगी खासगरी प्रलोभन देखाएर गर्ने गरेको पाइएको छ । यस्ता घटनाबाट जोगिन विभिन्न आकर्षक पुरस्कार जितेको भनी म्यासेज आएमा विश्वास गर्न नहुने र अनलाइन कारोबार गर्दा आफूलाई सामान प्राप्त नभएसम्म रकम भुक्तानी गर्न नहुने उहाँले बताउनुभयो ।

### साइबर क्राइमका ३ सय ३५ घटना दर्ता

चालु आर्थिक वर्षको चैतसम्म जिल्ला प्रहरी कार्यालय मकवानपुरमा ३ सय ३५ वटा साइबर क्राइमका घटना दर्ता भएको छ । जसमा ३ सय ९ वटा फेसबुक आइडी ह्याक र २६ वटा फेक फेसबुक आइडीको घटना प्रहरीमा दर्ता भएको हो । दर्ता भएका सबै निवेदनको अनुसन्धान गरी उक्त ह्याक भएका र फेक आइडी हटाउन सफल भएको प्रहरीले जनाएको छ । फेसबुक आइडी ह्याक गरेर म्यासेन्जरमा पैसा माग्ने गरेको भन्दै उजुरी परेको प्रहरीको भनाइ छ ।

# ६७ औं सहकारी दिवस सुरु

समाज संवाददाता

हेटौँडाः 'सहकारीमा सुशासनः प्रविधि र एकीकरण' भन्ने नाराका साथ ६७ औं सहकारी दिवस सुरु भएको छ । बागमती प्रदेश संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र प्रदेश सहकारी विकास बोर्डसँगको सहकार्य एवम् मकवानपुर जिल्ला सहकारी संघ र मकवानपुरका विषयगत सहकारी संघहरुको समन्वयमा साताव्यापी कार्यक्रम सुरु भएको हो ।

दिवस मूल समारोह समितिको सप्ताहव्यापी कार्यक्रमअन्तर्गत् बुधबार प्रदेशभरका सबै सहकारी संघसंस्थाको कार्यालयमा ६७ औं सहकारी दिवसको नारासहितको ब्यानर राखिएको छ । यसअघि बागमती प्रदेशस्तरीय ६७ औं सहकारी दिवस मूल समारोह समितिको सचिवालय बैठकले बागमती प्रदेशस्तरमा सहकारी दिवस मनाउन बुधबारदेखि सप्ताहव्यापी विभिन्न कार्यक्रम तय गरेको थियो ।

सहकारी दिवस मनाउन बागमती प्रदेश सहकारी विकास बोर्डका उपाध्यक्ष नारायणप्रसाद देवकोटाको संयोजकत्वमा १ हजार १ सदस्यीय मूल समारोह समिति गठन भएको थियो । समितिले बागमती प्रदेशभरका सहकारी संघसंस्थाहरुले सहकारी दिवसलाई प्रभावकारीरुपमा मनाउन निर्देशनसमेत दिएको छ ।

सहकारी दिवसको अवसरमा हेटौडामा मूल कार्यक्रम हुनेछ भने प्रदेशका सबै जिल्ला र पालिका तहमा विविध कार्यक्रम हुने मूल समारोह समिति संयोजक देवकोटाले बताउनुभयो । कार्यक्रमअन्तर्गत् आज बिहीबार 'ऋण लगानी तथा असुलीका कानुनी प्रावधान र सरोकारवालाहरुको भूमिका' बिषयमा सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापकहरुसँग अन्तरक्रिया कार्यक्रम गरिने भएको छ ।

चैत १६ गतेदेखि १९ गतेसम्म सहकारी संघसंस्थाहरुले सहकारी दिवस लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने भएका छन् । २० गते सहकारी दिवसका दिन बिहान ७ बजे हेटौँडा-१, चौकीटोलको रोपवे चौरबाट प्रभातफेरी सुरु भएर रोयल प्यालेस हेटौँडामा प्रवचन, पुरस्कार तथा सम्मान वितरण गरिने र साँझ बागमती प्रदेशभरका सहकारी संघसंस्थाहरुले दीपावली गरी सहकारी दिवस समापन गरिने मूल समारोह समितिका कार्यालय सचिव गोबिन्द दहालले बताउनुभयो ।

सचिवालयले सप्ताहभर प्रदेशका सहकारी संस्थाहरुले सञ्चालन गर्ने सहकारी दिवस लक्षित कार्यक्रमहरुको जानकारी प्रदेश सहकारी विकास बोर्ड वा सहकारी दिवस मूल समारोह समितिको सचिवालयमा उपलब्ध गराउन अनुरोध गरेको छ । उक्त कार्यक्रमहरुलाई समेत मूल समारोह समितिको कार्यक्रममा समावेश गरिने जानकारी कार्यालय सचिव दहालले दिनुभयो ।

# चौरा आधारभूत विद्यालयमा नयाँ व्यवस्थापन समिति

समाज संवाददाता

हेटौँडाः बागमती गाउँपालिका-७, पाथीभारास्थित चौरा आधारभूत विद्यालयमा नयाँ व्यवस्थापन समितिको निर्वाचन भएको छ । विद्यालयको नयाँ व्यवस्थापन समिति चयनका लागि मंगलबार भएको निर्वाचनमा ४ सदस्य निर्वाचित भएको हो ।

निर्वाचनबाट ९८ मत ल्याएर रामकृष्ण श्रेष्ठ, ९७ मतसहित कृष्णबहादुर श्रेष्ठ, एक सय मत ल्याएर विनिता गोले र ९७ मत ल्याएर टुल्कीमाया राई निर्वाचित भएको निर्वाचन अधिकृत झम्कनारायण घलानले बताउनुभयो । यस्तै, विवेक सिन्तान, मेनुकाकुमारी राना, मोहनबहादुर थोकर र गंगाकुमारी थोकर पराजित हुनुभएको छ ।

निर्वाचनमा १ सय ८८ मत खसेकोमा ४ मत बदर भएको छ । निर्वाचित ४ जनामध्येबाट एक जना अध्यक्षमा चयन हुनेछन् । उत्तरबहादुर भोलन संयोजक रहेको निर्वाचन समितिमा पर्यवेक्षकको रुपमा अरुण बल र शंकर पराजुली रहनुभएको थियो ।

# अभिभावकका...

के चाहियो र भन्ने सोच्छन् । चाहेको सामान किनिदिन्छन् तर उनीहरुसँग कुरा गर्ने, उसको स्कुलमा के भइरहेको छ ? उसको रुचि केमा छ ? के मन पर्छ वा के मन पर्दैन ? भनेर बुझ्न वा जान्न कोसिस गर्दैनन् । जुन एकदम गलत बानी हो । त्यसैले भनेको चीज सामान पुऱ्याएको छ भन्दैमा राम्रो अभिभावक हुँदैनन् ।

**बच्चाको अगाडि बसेर फोन चलाउने बानी**

अभिभावकहरु बच्चालाई स्कुलबाट आउनेबित्तिकै होमवर्क गर, पढ बस् भन्छन् । तर अभिभावक भने उनीहरुकै अगाडि बसेर मज्जाले मोबाइलमा रिल हेर्ने, टिकटकमा भिडियो हेरेर बस्ने वा भिडियो बनाएर बस्ने गर्छन् । यसले बच्चाहरुले आफ्नो अस्तित्व नै नभएको महसुस गर्ने गर्छन् । अभिभावकप्रति आदर र मानसम्मान गर्दैनन् । त्यसैले अभिभावक आफैं रोल मोडल हुनका लागि बच्चालाई होमवर्क वा पढ्न बस्ने बेला आफूले मोबाइल नचलाइकन उनीसँग समय बिताउनुपर्छ ।


## माइग्रेसन हराएको सूचना

हेटौँडा स्कुल अफ म्यानेजमेन्ट कलेज २०८० सालमा दश जोड दुई (10+2) तह उत्तीर्ण गरी राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको माइग्रेसन सर्टिफिकेट यथार्थ श्रेष्ठको (रजिष्ट्रेशन नम्बर ७९३३१००३१३४४, सिम्बोल नम्बर २३१०२८५०) मिति २०८० साल चैत्र २ गतेका दिन हेटौँडाबाट काठमाडौं जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**सम्पर्कः ९८४०२६०२५४**

## मोटरसाइकल हराएको सूचना

मिति २०८० साल चैत्र १३ गतेका दिन हेटौँडा–८, कमाने निवासी प्रविण बहादुर अर्जेलको नाममा रहेको बा.प्र. ०३–००१ प ५९७ नम्बरको सेतो रङ्गको NS १६० सिसिको पल्सर मोटरसाइकल (च्यासिस नम्बर MD2A92CY6JCF41171, इन्जिन नम्बर JEYCJF68906) हेटौँडा–१६, गौरीटार रङ्गशाला अगाडि पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनुहुन यो सूचना प्रकाशन गरिन्छ । **सम्पर्कः ९८४९६८५७२०**

## कर्मचारी सञ्चय कोषबाट धितोमा आधारित विभिन्न सापटी लिई किस्ता नियमित नगर्ने र भाखा नाघेका कर्जा चुक्ता नगर्ने ऋणीहरुलाई कर्मचारी सञ्चय कोष शाखा कार्यालय हेटौँडाको

## अत्यन्त जरुरी सूचना

*प्रकाशित मिति :- २०८०/१२/१५*

कोषबाट विभिन्न मितिमा घर सापटी, शैक्षिक सापटी, जग्गा खरिद कर्जा र घर मर्मत सापटी लिएका ऋणी सञ्चयकर्ताहरुले कोषलाई बुझाउनु पर्ने नियमितकिस्ता (साँवा तथा ब्याज) रकम एवम् कर्जाको भाखा नाघेका ऋणीहरुले कोषलाई भुक्तान गर्नुपर्ने सम्पूर्ण साँवा ब्याजको रकम यथाशिघ्र यस शाखा कार्यालयमा सम्पर्क गरी बुझाउनहुन सूचित गरिन्छ । सम्झौताअनुसार समयभित्र रकम नबुझाउने ऋणीहरुको नामावली राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरी प्रचलित कानूनअनुसार असुली कारवाही अगाडि बढाईने ब्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि सुचित गरिन्छ ।

KYC अध्यावधिक गरेका सञ्चयकर्ताहरुले ऋण रकमको साँवा/ब्याज रकम www.connectips.com मा Log In गरी Semi Government Payment System छनौट गरी Connect IPS मार्फत तिर्न सकिने साथै तल उल्लेखित बैंकमा सम्पर्क गरी सोही बैंक मार्फत तिर्न सकिने ब्यहोरा अनुरोध छ र ग्लोवल आईएमई बैंक स्थित भौचर मार्फत ऋण तिर्नुहुने सञ्चयकर्ताहरुले भौचरको सक्कलप्रति यथाशिघ्र यस कार्यालयमा उपलब्ध गराईदिनुहुन अनुरोध छ । ऋयललभअत IPS मार्फत रकम बुझाउँदा भौचर बुझाउन नपर्ने ब्यहोरा पनि अनुरोध छ ।

**भौचर दाखिला गर्ने बैंकहरूको नाम र खाता नम्बरहरू :**

| क्र.सं. | बैंकहरुको नाम | खाता नम्बर | |
|---|---|---|---|
| १.<br>२. | माछापुछ्रे बैंक<br>ग्लोवल आईएमइ बैंक | उल्लेख गर्न नपर्ने<br>३०४०१०१०००१३३० | Connect IPS मार्फत बुझाउन<br>भौचर मार्फत तिर्न |

Mail Id:hetauda@epf.org.np

**भौचर भर्दा अनिवार्य उल्लेख गर्नु पर्ने कुराहरू:-**

१. क.सं. कोष नम्बर, २. UCIN/KYC नम्बर, ३. ऋणीको नाम, ४. ऋणको किसिम (घर सापटी, शैक्षिक सापटी, जग्गा खरिद सापटी र घर मर्मत सापटी), ५. ऋण नम्बर र मोबाईल नम्बर ।

**कर्मचारी सञ्चय कोष**

**शाखा कार्यालय, हेटौडा**

**फोन नं. ०५७-५२४३६४**

## १५ नम्बर वडाध्यक्ष कप फुटबल

# ७ र १२ नम्बर वडा सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको १५ नम्बर वडा खेलकुलद विकास समितिको आयोजनामा जारी अन्तरवडास्तरीय वडाध्यक्ष कप फुटबल प्रतियोगितको सेमिफाइनलमा वडा नम्बर ७ र वडा नम्बर १२ प्रवेश गरेको छ । बुधबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको क्वार्टरफाइनल खेलमा वडा नम्बर १७ लाई ४-१ गोल अन्तरले हराउँदै वडा नम्बर ७ र वडा नम्बर ५ लाई २-० गोल अन्तरले हराउँदै वडा नम्बर १२ सेमिफाइनलमा प्रवेश गरेको हो ।

वडा-७ को जितमा सुशान तामाङले २ गोल गरेका हुन् । यस्तै, सुजन श्रेष्ठ र विवेश थापाले समान १-१ गोल गरे । यता वडा-१७ का कुशल अधिकारीले मात्र १ गोल गर्न सफल भएका थिए । खेलको म्यान अफ द म्याच वडा-७ का सुशान तामाङ घोषित हुँदै १ हजार ५ सय रुपैयाँ प्राप्त गरेका छन् ।

यस्तै, वडा-१२ को जितमा दुबै गोल साजन पाखिनले गरेका हुन् । खेलको म्यान अफ द म्याच गोल कर्ता पाखिन घोषित भएका छन् । प्रतियोगिताअन्तर्गत् आज बिहीबार पहिलो खेलमा हेटौंडा-१५ र हेटौंडा-१९ बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा हेटौंडा-८ र हेटौंडा-१४ बीच प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागततर्फको उत्कृष्ट खेलाडीहरुलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएको छ । प्रतियोगिताको फाइनल खेल चैत १८ गते हुनेछ । प्रतियोगिता आयोजनाका लागि करिब ११ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# हेटौंडाका निजी विद्यालयको वर्गीकरण प्रक्रिया सुरु



समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले निजी विद्यालयहरुको वर्गीकरणको कार्य थालनी गरेको छ । संघीय सरकारको शिक्षा मन्त्रालयले निजी विद्यालयको शूल्क निर्धारणमा कडाई गर्न परिपत्र गरेपछि निजी विद्यालयको शूल्क निर्धारणको पहिलो चरणको रुपमा हेटौंडा उपमहानगर पालिकाले विद्यालय वर्गीकरणको प्रक्रिया थालनी गरेको हो ।

हेटौँडा उपमहानगरपालिकाको विद्यालय वर्गीकरण सिफारिस समितिको बैठक सोमबार बसेको हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका अधिकृत रमेश विडारीले जानकारी दिनुभएको छ । बैठकले एक साताभित्र नगर क्षेत्रका निजी विद्यालयलाई विद्यालयको स्वमूल्यांकनको खाका तयार पार्ने निर्णय गरेको समितिका सदस्य सचिव समेत रहनुभएका शिक्षा अधिकृत विडारीले जानकारी दिनुभएको छ । विद्यालयको स्वमूल्यांकनपछि समितिले अनुगमन गरेर विद्यालयको वर्गीकरण गर्ने उहाँले स्पष्ट पार्नुभयो ।

यसअघि हेटौँडा उपमहानगर पालिकाका शिक्षा महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटाले कर्मचारीको अभावका कारण निजी विद्यालयको वर्गीकरण र शूल्क निर्धारणको कार्य नहुने जीकिर गर्नुभएको थियो । पालिकाको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्व रहने विद्यालय वर्गीकरण सिफारिस समितिको सिफारिसमा नगरप्रमुख संयोजक रहने नगर शिक्षा समितिले निजी विद्यालयहरुको वर्गीकरण गर्नेछ ।

सिफारिस समितिले हेटौँडा उपमहानगरका ४२ वटा विद्यालयलाई क, ख, ग र घ गरी चार वर्गमा विभाजन गर्नेछ । उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले विद्यालय व्यवस्थापन समितिको निर्णयसहित आगामी शैक्षिक सत्रको शूल्क प्रस्ताव गर्न जानकारी गराएबमोजिम नगरका ४० वटा विद्यालयले शूल्क प्रस्ताव पेश गरेका छन् । निजी विद्यालयको शूल्क निर्धारणको प्रक्रिया पूरा नहुँदै विद्यालयहरुले नयाँ भर्ना सुरुवात गरिसकेकोले शूल्कको वैधतामाथि भने प्रश्न उब्जिएको छ । यद्यपि उपमहानगरपालिकाले चैत मसान्तअघि नयाँ भर्ना नलिन भनेको शिक्षा महाशाखाका अधिकृत रमेश विडारीले बताउनुभएको छ ।

## बसले ठक्कर दिँदा साइकलयात्रीको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको भरतपुर महानगरपालिका-२३, जगतपुर चोकमा बसले ठक्कर दिँदा साइकलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा ४८ वर्षीय सूर्य गुरुङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

मंगलबार दिउँसो ४ बजेको समयमा बेनीबाट माडीतर्फ जाँदै गरेको ग १ ख ६७३३ नम्बरको बसले बाटो क्रस गर्दै गरेको साइकललाई ठक्कर दिँदा गुरुङ घाइते भएका थिए । घाइते गुरुङलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा बुधबार बिहान १ बजेर २८ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । शव पोष्टमार्टमका लागि भरतपुर सरकारी अस्पतालको शवगृहमा राखिएको छ ।

## शौचालयमा लडेर पहरीको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-१०, दोलालघाटमा अस्पताल (पोलिक्लिनिक)को शौचालयमा लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा भुम्लु गाउँपालिका-६, कोलाती बस्ने ५० वर्षीया शान्ता पहरी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

पहरी मंगलबार दिउँसो १ बजेर १५ मिनेटको समयमा ज्वरो, रुघाखोकीको उपचारका लागि दोलालघाट पोलिक्लिनिकमा आई सामान्य उपचारपश्चात् घर फर्किएकी थिइन् । फेरि गारो भई सोही पोलिक्लिनिकमा उपचारका लागि आएकी पहरीको शौचालयमा लडेर मृत्यु भएको हो ।

पोलिक्लिनिकमा स्वास्थ्य जाँचलगायतको परीक्षण गरिसकेपछि पहरी शौचालय गएकोमा शौचालयभित्र लडी मंगलबार राति ७ बजेर ३० मिनेटमा गम्भीर अवस्थामा फेला परेकी थिइन् । उनलाई थप उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा मंगलबार राति ९ बजेर ४० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# मेची-महाकाली दौड अभियानकर्मीको स्वागत

समाज संवाददाता

हेटौंडाः राष्ट्रका लागि खेलकुद स्वास्थ्यका लागि खेलकुद भन्ने नाराका साथ मेची-महाकाली दौड अभियानअन्तर्गत् हेटौंडा आइपुगेका झापा बुद्धशान्ति गाउँपालिकाका जीवननाथ अधिकारीलाई स्वागत गरिएको छ । मेचीबाट यात्रा सुरु गरेर बुधबार हेटौंडा आइपुगेका अधिकारीसहित विकास भट्टराई, अनुप पौड्याल र रमेश अधिकारीलाई नगर खेलकुद विकास समिति र हेटौंडा जेसीजले स्वागत गरेको हो ।

नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरेको सभाध्यक्ष तथा मकवानपुर जिल्ला खेलकुद विकास समितिका कर्यालय प्रमुख माधव कोइरालाको प्रमुख आतिथ्यमा स्वागत कार्यक्रम भएको हो । कार्यक्रलाई सम्बोधन गर्नुहुँदै दौड अभियानका विकल भट्टराइले ९ दिन अगाडि मेचीबाट यात्रा सुरु गरेर २२ दिनभित्र दौड अभियानलाई पूरा गरेर महाकाली पुग्ने लक्ष्य लिएको उहाँले बताउनभयो ।

विद्यालयस्तरबाट दौड सुरु गरेका अधिकारीले बाल्यकालमा धेरै पदकहरु प्राप्त गर्न सफल भएको बताउनुभयो । ५२ वर्षको उमेरकम मेची-महाकाली दौड अभियान सुरु गरेका अधिकारीलाई ९ दिनको अन्तरालमा पनि कुनै प्रकारको समस्या नभएको उहाँको भनाइ छ । बहिरी जिल्लाको विभिन्न पालिकाहरुसँगको समन्वयमा ७ गतेदेखि दौड अभियान सुरु गरेर प्रत्येक दिन ५० किलमिटरको यात्रा पुरा गर्ने गरेको बताउनहुँदै ९ औं दिनमा हेटौंडा आइपुगेको उहाँको भनाइ छ ।

बिहीबार विहान ४ बजेबाट अभियानलाई निरन्तरता दिएर रत्नगर नगरपालिकासम्म पुग्ने उहाँले अपेक्षा गर्नुभएको छ । यात्राको क्रममा प्रत्येक दिन २ घण्टा विश्राम गरेर आफूलाई चाहिने डाइट खाने गरेको बताउनुभयो । स्वागत कार्यक्रमा मकवानपुर जिल्ला एथ्लेटिक्स संघका अध्यक्ष प्रभाकर पाण्डेको पनि उपस्थिति रहेको थियो ।

# गाँजासहित ६ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको छुट्टाछुट्टै स्थानबाट १२ किलो लागुऔषध गाँजासहित ४ जना महिला र २ जना पुरुषलाई प्रहरीले पक्राउ गरेको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले दिएको जानकारीअनुसार चितवन जिल्लाको ईच्छाकामना गाउँपालिका-७, सिमलडाँडाबाट ११ किलो लागुऔषध गाँजासहित ४ जना महिलालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ३० वर्षीया नरमाया गुरुङ, २२ वर्षीया संगीता गुरुङ, १६ वर्षीया संजिता गुरुङ र ६७ वर्षीया शनसरा गुरुङको रहेको प्रहरीले जानकारी दिएको छ । मंगलबार दिउँसो ४ बजेको समयमा अवैध लागुऔषध गाँजाको कारोवार भइरहेको छ भन्ने सुचनाको आधारमा प्रहरी टोली खटी गई सुरक्षा जाँच गर्दा उनिहरुको साथबाट ११ किलोग्राम लागुऔषध गाँजा बरामद गरेको थियो । लागुऔषध गाँजासहित ४ जनालाई नियन्त्रणमा अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय टाँडीमा लगिएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-११, जखडीमाई टोलबाट प्रहरीले ७ सय २८ ग्राम लागुऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही स्थान बस्ने २० वर्षीय विबेक थापा मगर र धादिङ घर भई हाल भरतपुर महानगरपालिका-११ बस्ने २६ वर्षीय सुनिल गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ । मंगलबार ना ४८ प ९३६३ नम्बरको मोटरसाइकलकामा सवार उनिहरुलाई शंका लागि सुरक्षाजाँच गर्ने क्रममा उनीहरुको साथबाट लागुऔषध गाँजा ७ सय २८ ग्राम गाँजा बरामद भएको प्रहरीले जानकारी दिएको छ ।

# बेतिनी स्वास्थ्य चौकीमा ५ केजीको बच्चा जन्मियो

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकास्थित बेतिनी स्वास्थ्य चौकीमा एक महिलाले ५ केजीको बच्चालाई जन्म दिएकी छन् । बागमती-९ स्थित देउजोर की ३० वर्षीय प्रमिला जिम्बाले बुधबार बिहान १२ बजेर ४५ मिनेटको समयमा ५ केजीको छोरालाई जन्म दिएको स्वास्थ्य चौकीकी अनमी बिमला राईले जानकारी दिनुभयो । जिम्बाले चौथो सन्तानको रुपमा ५ केजीको छोरालाई जन्म दिएकी हुन् । ४ केजीभन्दा बढी तौल भएमा शल्यक्रिया गर्नुपर्ने मापदण्ड रहेपनि जिम्बाले साधारण रुपमा छोरालाई जन्म दिएकी छन् । अनमी राईका अनुसार अहिले आमा र बच्चा दुवैको स्वास्थ्य अवस्था सामान्य नै छ । जिम्बाले यसअघिका तीन वटै सन्तानलाई घरमै जन्म दिएकी थिइन् । जिम्बाका यसअघिका बच्चाहरु पनि उत्रै तौलका जन्मिएको बुझिएको छ । अनमी राईका अनुसार वंशाणुगत गुण, पोषणका कारण र मधुमेहका कारण तौल बढी हुन सक्छ । तर जिम्बामा मधुमेह पनि नभेटिएको उहाँले बताउनुभयो । अनमी राईले भन्नुभयो 'उहाँ अहिले स्वास्थ्य चौकीमा नै उपचाररत हुनुहुन्छ, घर जान्छु भन्दै हुनुहुन्छ तर हामीले २४ घण्टा नपुगी घर पठाउन मिल्दैन । उहाँको आर्थिक अवस्थामा पनि कमजोर रहेको पाइएको छ । विशेष ख्याल गर्न आवश्यक छ ।'


ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माविको

शिलबन्दी दरभाउपत्र आव्हानसम्बन्धी सूचना

*प्रथमपटक सूचना प्रकाशित मिति: २०८०/१२/१५*

शैक्षिकसत्र २०८१ मा यस विद्यालयका लागि आवयश्क पर्ने टाई-बेल्ट तथा डायरी क्यालेण्डर तपसील संख्यामा आवश्यक पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र इच्छुक सप्लायर्ससँग शिलबन्दी कोटेशन आव्हान गरिन्छ ।

**तपसील**

| | |
|---|---|
| टाई- १२" साइज- ३०० थान | बेल्ट सानो- ३०० थान |
| टाई- १५" साइज- २०० थान | बेल्ट मध्यम- ३०० थान |
| टाई- ५२" साइज- २०० थान | बेल्ट ठूलो- ४०० थान |
| टाई- ५६" साइज- ३०० थान | हाउस ड्रेस सानो साइज- दररेट मात्रै । |
| डायरी- २००० थान | हाउस ड्रेस मध्यम साइज- दररेट मात्रै । |
| क्यालेण्डर- १६०० थान | हाउस ड्रेस ठूलो साइज- दररेट मात्रै । |

**नोट**: विद्यालयले दिएको नमूनाअनुसारको सामान बाहेक अरु सामान विद्यालयले लिन बाध्य हुने छैन ।

**प्रिन्सीपल**

**जी.एस. निकेतन मावि**

**हेटौंडा-५, मकवानपुर (०५७-५२३४१५)**






शारदा मावि पूर्वविद्यार्थी संगठनका वरिष्ठ सल्लाहकार **संगम चौलागाई** मकवानपुर बहुमुखी क्याम्पसको सहायक क्याम्पस प्रमुखमा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**ईन्द्र कार्की, प्रधानाध्यापक**

**एवम् शारदा मावि परिवार**

**मकवानपुरगढी-५, धादिङ**



श्री सम्पुर्ण शेयर सदस्य ज्युहरु
हेटौंडा साकोस

**निशुल्क स्वास्थ्य परिक्षण**

हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि.को समन्वयमा निम्न मिति समय र स्थानमा ३० बर्ष माथिका शेयर सदस्यज्युहरुको लागी नसर्ने रोग सम्बन्धी निशुल्क स्वास्थ्य परिक्षण हुने भएकाले उक्त स्वास्थ्य परिक्षण शिविरमा उपस्थित भै स्वास्थ्य परिक्षण गराई स्वास्थ्य लाभ लिनुहुन यो सुचना प्रकाशित गरिउको छ ।

निम्न :

मिति : २०८० चैत्र १५ गते
समय : बिहान १० बजेदेखी
स्थान : नागस्वती शहरी स्वास्थ्य केन्द्र हेटौंडा ७ नागस्वती

- मिर्गौला सम्बन्धी
- ब्लड /सुगर
- प्रेसर लगायत अन्य नसर्ने रोगहरुको निशुल्क स्वास्थ्य परिक्षण ।

बचत गरौं ,ढुक्कले बाचौं
हेटौंडा बचत तथा ऋण सहकारी संस्था लि
Hetauda Saving & Credit Co-Operative Ltd
केन्द्रिय कार्यलय : हेटौंडा ,७ नागस्वती
स्थापित २०५६



**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ